# संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षणको स्थिति

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय,शैक्षिक योजना तथा व्यवस्थापन विषय, स्नातकोत्तर तह(एम.एड.) दोस्रो वर्षको ED. PM. ५९८ को आंशिक आवश्यकता परिपूर्तिको लागि तयार पारिएको

शोधपत्र

**शोधकर्ता**


| | |
|---|---|
| नामः | तारामणी निरौला |
| रोल नं. | २७६ |
| शैक्षिक वर्ष | ०६३।०६४ |
| परीक्षा रोल नं. | २१४०१२४ |
| त्रि.वि. दर्ता नं. | ४३१५३–९५ |

सुकुना बहुमुखी क्याम्पस,
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
कोशी हरैचा,मोरङ्

२०७२

त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धनप्राप्त
**सुकुना बहुमुखी क्याम्पस**
**SUKUNA MULTIPLE CAMPUS**
कोसीहरैंचा न. पा., मोरङ
KOSHI HARAINCHA MUNICIPALITY, MORANG
स्थापित : २०४८
Estd. 2048
फोन :०२१ - ५४५६१७
फोन :०२१ - ५४५७१७
फ्याक्स :०२१ - ५४५७१७

पत्र सङ्ख्या :
चलानी नम्बर

**विषय : <u>सिफारिश पत्र ।</u>**

त्रिभूवन विश्वविद्यालय, शिक्षा शास्त्र संकाय, सुकुना बहुमुखि क्याम्पस, स्नातकोत्तर तह एम.एड. द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयक (Ed.PM 598) को आवश्यकता पूरा गर्नको लागि तारामणी निरौलाले **संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षणको स्थिति** शीर्षकमा तयार पार्नुभएको शोधपत्र स्वीकृतिका लागि मूल्यांकन समितिमा पेश गरिएको छ ।

शिक्षण सहायक खगेन्द्र लुइटेल
शोध निर्देशक

मिति : २०७२।०।...

त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धनप्राप्त
सुकुना बहुमुखी क्याम्पस
SUKUNA MULTIPLE CAMPUS
कोसीहरैंचा न. पा., मोरङ
KOSHI HARAINCHA MUNICIPALITY, MORANG
स्थापित : २०४८
Estd. 2048
☎ :०२१ - ५४५६१७
☎ :०२१ - ५४५७१७
फ्याक्स :०२१ - ५४५७१७
पत्र सङ्ख्या :
चलानी नम्बर

**विषय : स्वीकृति पत्र ।**

त्रिभूवन विश्वविद्यालय, शिक्षा शास्त्र संकाय, सुकुना बहुमुखि क्याम्पस, स्नातकोत्तर तह एम.एड. द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयक (Ed. PM 598) को आवश्यकता पूरा गर्नको लागि तारामणी निरौलाले **संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षणको स्थिति** शीर्षकमा तयार पार्नुभएको शोधपत्र मूल्यांकन समितिबाट स्वीकृत गरिएको छ ।

**मूल्यांकन समिति**

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री लक्ष्मीकुमार श्रेष्ठ | विभागीय प्रमुख | |
| २. | श्री गणेशप्रसाद दहाल | अनुसन्धान विभाग, संयोजक | |
| ३. | श्री खगेन्द्र लुइँटेल | शोध निर्देशक | |
| ४. | श्री ......................... | वाह्य परिक्षक | |

मिति : २०७२।......।.....

# कृतज्ञता

प्रस्तुत शोधपत्र त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह द्वितीय बर्षको आवश्यकता परिपूर्तिका लागि तयार पारिएको हो । एम.एड. द्वितिय वर्षमा 'EPM 598' लाई अनिवार्य शोध विषयको रूपमा राखिएको हुँदा यसै विषयलाई पुरा गर्न **संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षण** शीर्षकमा शोधपत्र तयार गरिएको छ । शोधकार्य स्थलगत अध्ययनबाट प्राप्त सूचनाको आधारमा तयार पारिएकोले सम्बन्धित सरोकारवालाहरूलाई यस सम्बन्धमा आवश्यक सूचना प्रदान गर्न समेत उपयोगी हुने आशा लिएको छु ।

शोधपत्र तयारीको सन्दर्भमा सुरुदेखि अन्त्यसम्म निरन्तर सल्लाह, सहयोग, एवम् मार्ग निर्देशन गर्नुहुने शोध निर्देशक श्रद्धेय गुरु श्री खगेन्द्र लुइटेल ज्यू प्रति म हृदय देखि नै कृतज्ञता ज्ञापन गर्न चाहन्छु । शोधको तयारीको क्रममा आइपरेका प्रशासनिक समस्याहरूको समाधानमा सहयोग गरी शोध कार्यका निम्ति स्वीकृति प्रदान गरी अनुसन्धान गर्ने अवसर दिनु हुने विभागीय प्रमुख श्री लक्ष्मी कुमार श्रेष्ठ प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

अनुसन्धानका लागि सूचना सङ्कलनमा सहयोग पुऱ्याउनु हुने विद्यालयका प्र.अ. शिक्षक, वि.व्य.स.का पदाधिकारी, वि.नि., स्रोत व्यक्ति तथा अभिभावक ज्यूहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस शोधपत्रलाई कम्प्यूटर सेटिङ गर्न सहयोग दिनु हुने श्री तीर्थराज पोखरेलज्यू प्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा मेरा सम्पूर्ण आफन्तजन, मित्रजन, सहपाठी साथीहरू र शुभचिन्तक महानुभावहरूलाई हार्दिक धन्यवाद दिँदै आफ्नो अटुट परिश्रमबाट तयार भएको यो शोधपत्र उपयोगी हुने छ भन्ने विश्वास ब्यक्त गर्दछु ।

मिति २०७२।....।...

तारामणी निरौला
शोधकर्ता

# शोधसार

*प्रस्तुत अध्ययन **संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षण** शीर्षकमा तयार गरिएको हो । संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षणको वर्तमान अवस्थाको यथार्थ चित्रण गर्दै देखिएका समस्याहरुको समाधन गर्न सुझाव दिने मुख्य उद्देश्यले यो अध्ययन सम्पन्न गरिएको छ । अध्ययनलाई सम्पन्न गर्नका लागि अध्ययनसँग सम्बन्धित बिभिन्न पूर्व साहित्यहरुको समिक्षा गरिएको छ भने अध्ययनका क्रममा विश्वब्यापी रुपमा स्थापित मानव सम्बन्ध सिद्धान्त र मास्लोको अभिप्रणाको सिद्धान्तलाई आधार मानिएको छ ।*

*अध्ययनका क्रममा सूचना संकलन गर्न प्रश्नावली, छलफल, स्थलगत अवलोकन आदि प्राथमिक स्रोत र विद्यालयको अभिलेख तथा प्रकाशित कृतिहरु द्वितीय स्रोत समेतबाट प्राप्त तथ्यङ्कलाई गुणात्मक ढाँचामा ब्याख्या र विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रको रुपमा मोरङ्ग जिल्ला अन्तर्गत राधाकृष्ण स्रोतकेन्द्रमा रहेका सम्पूर्ण संस्थागत विद्यालयहरु र ति विद्यालयसँग सम्बन्धित सम्पूर्ण प्रधानाध्यापक.,शिक्षक, अभिभावक, शिक्षाप्रेमी, विद्यालय निरीक्षक र स्रोतब्यक्तिहरुलाई कुल जनसंख्या मानी उद्देश्यमुलक नमुना छनोट बिधिबाट नमुना छनोट गरिएको छ ।*

*अध्ययन क्षेत्र अन्तर्गतका संस्थागत विद्यालयहरुमा विद्यालय निरीक्षक स्रोतब्यक्तिहरुबाट सुपरिवेक्षण कम भएको, सुपरिवेक्षण हुँदा पनि शिक्षकको कक्षा शिक्षणको अवलोकन नभई प्रशासनिक पक्षमा मात्र सिमित हुने गरेको, प्रधानाध्यापकबाट सुपरिवेक्षणको दायित्व पुरा हुन नसकेको, विद्यालय ब्यवस्थापन समिति.पदाधिकारी र अभिभावकहरुबाट ज्यादै कम सुपरिवेक्षण भएको, थोरै भए पनि विद्यालय ब्यवस्थापन समिति पदाधिकारी र अभिभावकहरुबाट भएको सुपरिवेक्षणलाई शिक्षकहरुले आत्मसाथ गर्न नसकेको पाइयो । संस्थागत विद्यालयमा सुपरिवेक्षण कम हुने कारणहरुमा सुपरिवेक्षकहरु औपचारिकतामा मात्र सिमित हुनु, विद्यालय निरीक्षक स्रोतब्यक्तिहरुको योग्यता तथा क्षमतामा कमी, साधन ,स्रोत सामग्रीको कमी, कार्यसम्पादनका आधारमा पुरस्कार र दण्डको ब्यवस्था नहुनु, विद्यालयमा राजनैतीक हस्तक्षेप हुनु, प्रधानाध्यापक र शिक्षकको पेशागत स्थायीत्व नहुनु, प्रधानाध्यापकहरु प्रशासनिक कार्यमा मात्र ब्यस्त हुनु, विद्यालय ब्यवस्थापन समिति पदाधिकारी र अभिभावकहरुलाई सुपरिवेक्षण सम्बन्धी तालिमको अभाव,*

*अभिभावकहरु संस्थागत विद्यालय प्रति बढी विश्वस्त हुनु, संस्थागत विद्यालयको व्यवस्थापनमा को बढी उत्तरदायी हुने स्पस्ट नहुनु जस्ता समस्याहरु देखियो ।*

*अध्ययनको क्रममा देखिएका समस्याहरुलाई समाधान गर्न नीतिगत तहका लागि शिक्षा ऐन, नियम परिवर्तन गरी समय सापेक्ष बनाउनु पर्ने, कार्यान्वयन तहका लागि नियमित सुपरिवेक्षण भए नभएको सम्बन्धमा प्रभावकारी रुपमा अनुगमन गरी कार्यसम्पादनका आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिनु पर्ने, सुपरिवेक्षण कार्यमा स्थानीय सरोकारवालाहरुलाई सहभागी गराउनु पर्ने र अनुसन्धान तहका लागि संस्थागत विद्यालयका अन्य विविध पक्षमा थप अध्ययन अनुसन्धान गरिनु पर्ने जस्ता सुझावहरु प्रस्तुत गरिएको छ ।*

*संस्थागत विद्यालयको सुपरिवेक्षणमा देखिएका समस्याहरुलाई कम गर्न सरोकारवालाहरू सबैको सामुहिक प्रयास हुनु जरुरी छ । संस्थागत विद्यालयको सुपरिवेक्षणको जिम्मा लिएका व्यक्तिहरु विद्यालय निरीक्षक ,स्रोतव्यक्ति, विद्यालय व्यवस्थापन समिति पदाधिकारीहरूले व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर आफ्नो सुपरिवेक्षण कार्यलाई सही रुपमा व्यवहारमा उतार्नु* आवश्यक छ ।

## विषय-सूची


| | पृष्ठ संख्या |
|---|---|
| सिफारिस पत्र | I |
| स्वीकृति पत्र | II |
| कृतज्ञताज्ञापन | III |
| शोधसार | IV- V |
| तालिका सूचि | VI |
| विषय सूचि | VII |
| परिच्छेद एक : परिचय | १-८ |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ४ |
| १.३ अध्ययनको औचित्य | ६ |
| १.४ अध्ययनको उद्देश्य | ७ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरू | ७ |
| १.६ अध्ययनको परिसीमा | ७ |
| १.७ शब्दहरुको परिभाष | ८ |
| परिच्छेद दुईः सम्बन्धित साहित्यको पुनरावलोकन र शैद्धान्तिक खाका | ९-१५ |
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | ९ |
| २.२ अध्ययनको शैद्धान्तिक खाका | १२ |
| २.३ पूर्वसाहीत्यको समिक्षाको शैक्षिक उपादेयता | १४ |
| परिच्छेद तीन : अध्ययन विधि | १६-२० |
| ३.१ अनुसन्धानात्मक ढाँचा | १६ |
| ३.२ जनसंख्या तथा नमुना छनोट | १६ |
| ३.२.१ नमूना छनौटको विधि | १८ |
| ३.२.२ नमूना छनौटको आधार | १८ |
| ३.३ तथ्याङ्क सङ्कलनका स्रोतहरु | १८ |
| ३.३.१ अन्तरवार्ता | १९ |
| ३.३.२ प्रश्नावली | १९ |
| ३.३.३ अभिलेख अध्ययन | १९ |
| ३.४ तथ्याङ्क सङ्कलनका साधन | १९ |

३.५ तथ्याङ्क सङ्कलन प्रकिया २०
३.६ तथ्याङ्क विश्लेषण प्रकिया २०
परिच्छेद चार : नतिजाको विश्लेषण २१-४०
४.१ संस्थागत विद्यालयमा सुपरिवेक्षणको वर्तमान अवस्था २१
४.१.१ संस्थागत विद्यालयमा स्रोतव्यक्तिद्वारा शैक्षिक सुपरिवेक्षण २३
४.१.२ संस्थागत विद्यालयमा प्र.अ. द्वारा सुपरिवेक्षण २५
४.१.३ संस्थागत विद्यालयमा वि.ब्य.स.,अभिभावक र शिक्षाप्रेमीबाट सुपरिवेक्षण २७
४.२ संस्थागत विद्यालयमा सुपरिवेक्षणमा देखापरेका समस्या ३०
४.२.१ संस्थागत विद्यालय सुपरिवेक्षणमा देखिएका समस्या ३०
४.२.२ शिक्षकको निरीक्षक प्रतिको दृष्टीकोण ३२
४.२.३ संस्थागत विद्यालयको सुपरिवेक्षणमा प्र.अ.तथा शिक्षकहरुले देखाएका समस्याहरु ३४
४.२.४ संस्थागत विद्यालयको सुपरिवेक्षणमा वि.नि.तथा स्रोतब्यक्तिले औँल्याएका समस्याहरु ३५
४.२.५ संस्थागत विद्यालयको सुपरिवेक्षणमा विद्यालय ब्यवस्थापन समिति पदाधिकारी, अभिभावक र शिक्षाप्रेमीले औँल्याएका समस्याहरु ३६
४.३ संस्थागत विद्यालय सुपरिवेक्षणमा आइपर्ने समस्या समाधान गर्ने उपाय ३६
४.३.१ समस्या समाधानको उपाय ३६
४.३.२ संस्थागत विद्यालयको सुपरिवेक्षणमा सरोकारवालाहरूले दिएका सुझावहरू ३८
परिच्छेद पाँच : निष्कर्ष र सुझावहरू ४१-४५
५.१ निष्कर्ष ४१
५.२ सुझावहरू ४२
५.२.१ नीतिगत तह ४२
५.२.२ कार्यान्वयन तह ४३
५.२.३ अनुसन्धान तह ४४
**सन्दर्भ सामग्रीहरू** I
**अनुसूचीहरु** II- X

# तालिका सूची

पृष्ठ संख्या

तालिका१, नमूना छनौटका विद्यालयहरु १७

तालिका२, नमूना छनौटका विद्यालयहरु १७

तालिका३, नमूना छनौटका विधिहरु १८

तालिका४, विद्यालय निरीक्षकबाट भएको निरीक्षण अवस्था २२

तालिका ५, संस्थागत विद्यालय निरीक्षकद्वारा शैक्षिक सुपरिवेक्षण २२

तालिका ६, विद्यालय निरीक्षकबाट भएको निरीक्षण अवस्था २४

तालिका७, प्र.अ.द्वारा गरिएको विद्यालय सुपरिक्षण २६

तालिका ८, प्र.अ.द्वारा कक्षा अवलोकन २७

तालिका ९, विद्यालय व्यवस्थापन समिति पदाधिकारी, अभिभावक र शिक्षाप्रेमीहरुबाट सुपरिवेक्षण २८

तालिका १०, विद्यालय सुपरिवेक्षणमा देखिएका मुख्य समस्याहरु ३१

तालिका ११, शिक्षकको निरीक्षक प्रतिको दृष्टीकोण ३२

तालिका १२, सुपरिवेक्षणमा आइपर्ने समस्यालाई समाधान गर्ने उपायहरु ३७